माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७७ साल माघ २८ गते यस माण्डवी गाउँपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**<u>प्रस्तावहरु</u>**

१. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७७ मा थप व्यवस्था सम्बन्धमा ।

२. निर्माण व्यवसायीलाई ठाउँसारी गर्ने सम्बन्धमा ।

३. स्थानीय तहको लैङ्गीक हिंसा निवारण कोषमा रकम राख्ने सम्बन्धमा ।

४. अनुदान सहयोग सम्बन्धमा ।

५. हेल्प डेस्क Help Desk सहयोग रकम सम्बन्धमा ।

६. प्याराग्लाइडिङको सम्भाव्यत्ता अध्ययनको भूक्तानी सम्मन्धमा ।

७. कार्यक्रम बिस्तृत सम्बन्धमा ।

८. पशु उपचार केन्द्रमा कर्मचारी खटाउने सम्बन्धमा ।

९. मिटर बक्स, खरिद तथा जडान सम्बन्धमा ।

१०. उदयपुरकोट स्वास्थ्य चौकिमा अ.न.मि व्यवस्थापन सम्बन्धमा ।

११. विविध ।

निर्णयहरु

१. निर्णय नं. १ नं. माथी छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धि कार्यविधि २०७५ को दफा ३ मा ठाँउसारि सम्बन्धि थप व्यवस्था गर्ने । स्थानीय तहमा "घ" वर्गको इजाजतपत्र प्राप्त गरेका फर्महरुलाई, ठाउँसारीका लागि नियमानुसार प्रकिया पुरा गरि निवेदन प्राप्त हुन आएमा रु.७००० लिएर ठाउसारी गर्न सकिनेछ । ठाउसारी गरेका फर्महरुको नविकरण लगायताका अन्य व्यवस्था सोहि कानुन बमोजिम हुनेछ ।

३. निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७७/१०/२६ गते ठाउसारी गरिपाउँ भनि दिएको निवेदन उपर छलफल गर्दा माण्डवी गाउँपालिकाको "घ" वर्गको इजाजतपत्र सम्बन्धि कार्यविधि अनुसार रित पूर्वक आएका तपशिल बमोजिमका फर्महरुले मिति २०७७/०९/०३ मा कम्पनी रजिष्ट्रार कार्यालय र काठमाडौं महानगर पालिकाको मिति २०७७/१०/२३ गते ठाउँसारिका लागि सक्कलै फाइल पठाइएकाले "घ" बर्गको निर्माण ब्यबसायि इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को व्यवस्था बमोजिम ठाउँसारी गरि दिने निर्णय गरियो ।

- ताज कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
- लिस्ने कन्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि.
- भौका कन्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि.

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार शसर्त अनुदानमा प्राप्त रु. १ लाख रकमलाई स्थानीय तहको लैंगिक हिंसा निवारण कोष स्थापना गरि सो कोषमा उक्त रकम राख्ने र गाउँपालिकाले बनाएको कार्यविधि अनुसार खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल रेडक्रश सोसाइटी प्यूठान जिल्ला शाखा द्वारा संचालित रक्तसंचार सेवा केन्द्र सन्चालानार्थ सहयोगका लागि बार्षिक रुपमा अनुदान रकम उपलब्ध गराईदिन निर्णय सहित निवेदन प्राप्त भएकाले रु. १ लाख रकम अन्य संस्था "सहायत" शिर्षकबाट खर्च हुने गरि अनुदान दिने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी प्यूठान जिल्ला शाखाबाट स्थापना तथा संचालन गरिएको अस्थायी विश्राम स्थलमा सहजीकरण गरेको र उक्त सहजीकरण गरे बापतको खर्च रकम मध्ये यस गाउँपालिकाको हिस्सामा परेको रकम रु. १ लाख मात्र विल भर्पाईका आधारमा अन्य सस्था सहायता शिर्षकबाट खर्च लेख्ने गरि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको पर्यटन क्षेत्रको विकास गर्न प्याराग्लाइडिङ सम्भाव्यता अध्ययन गर्ने सम्झौता गरि कार्यादेश दिए अनुसार "एशियन प्याराग्लाइडिङ एकेडेमी प्रा.लि." कार्य सम्पन्न गरि प्रतिबेदन पेश गरि सकेको हुनाले लागत अनुमान अनुसारको रकम पुजीगत परामर्श खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं.७ माथि छलफल गर्दा आर्थिक बर्ष २०७७/०७८ मा शसर्त अनुदान अन्तर्गत लघु उद्यम बिकाश कार्यक्रम संचालनका लागि गाउँपालिका स्तरिय लघु उद्यम विकास समन्वय समितिले छनोट गरेको कार्यक्रमलाई बिस्तृत गरि सोहि अनुसार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं.८ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले पशु सेवालाई विस्तार गर्ने उदेश्यका साथ स्थापना भएको पशु उपचार केन्द्रका लागि आबस्यक पर्ने कर्मचारी प्रा.स श्री हेमराज पोखे्रललाई असार मसान्त सम्मका लागि पठाउने निर्णय गरियो ।

निर्णय नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र वजेट अनुसार गरिब असाहयलाई मिटरबक्स, तार, एमसीबी बितरण

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कार्यक्रम शिर्षकबाट चिस्यान केन्द्रमा आबस्यकता पर्ने मिटरबक्स खरिद गरि जडान गर्ने तथा अन्य वजेटबाट उक्त कार्यक्रम कार्यान्वयनका लागि लागत अनुमान तयार पारि कार्य अगाढी बढाउने निर्णय गरियो |

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ४ मा रहेको उदयपुरकोट स्वास्थ्य चौकीमा बर्थिंङ सेन्टरमा काम गर्ने अ.न.मि. अभाव भएकाले माण्डवी गाउँपालिका वडा नं.३ देवीस्थान स्वास्थ्य चौकीमा कामकाज गर्दै आइरहेकी अ.न.मि. मोनिका प्रधानलाई असार मसान्त सम्मका लागि पठाउने निर्णय गरियो |

प्रस्ताव १० (क)  स्वास्थ्य चौकीलाई सामग्री खरिद सम्बन्धमा |

निर्णय नं.११ पस्ताब ११ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. १ मा नविनिर्मित तिराम स्वास्थ्य चौकीलाई आबस्यक पर्ने फर्निचर तथा फिक्चर्स गाउँपालिकाको बार्षिक बजेटको खर्च शिर्षक फर्निचर तथा फिक्चर्स  शिर्षकबाट खर्च लेख्ने गरि खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो |

निर्णय नं. ११ (ख) प्रस्ताव ११ (ख) माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं.१ को वडा कार्यालय र वडा नं.५ को वडा कार्यालय भवनलाई सेवा मैत्री  बनाउन आल्मुनियमको पार्टीसियन गर्नुपर्ने भएकाले उक्त कार्य गरेको विल भर्पाईका आधारमा फर्निचर तथा फिक्चर्स शिर्षकबाट खर्च लेख्ने गरि भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं.११ (ग) प्रस्ताव ११ (ग) माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं.३ देवीस्थान स्वास्थ्य चौकीमा प्रयोगशाला संचालनमा आबस्यक पर्ने क्षयरोग तथा कुष्ठरोग समेतको परिक्षण गर्ने क्षमता भएको माइक्रोस्कोप गाउँपालिकाको मेशिनरी तथा औजार शिर्षकबाट खर्च हुने गरि खरिद गरि स्वास्थ्य चौकीलाई हस्तान्तरण गर्ने निर्णय गरियो |

..................

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत